भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०७७/७८
च.नं.:- १५०१

मिति :-२०७८/०२/०५

विषय :- सुचना टाँस गरि जानकारी गरिदिने सम्बन्धमा ।

**श्री वडा कार्यालय सबै**
**भूमे गाउँपालिका, रुकुम (पूर्व) ।**

प्रस्तुत विषयमा भूमे गाउँपालिका, भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्व) को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम तर्फ ***साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम*** र लुम्बिनी प्रदेश सरकार बाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम तर्फ स्थानीय तह मार्फत संचालन हुने कोभिड विशेष कृषि कार्यक्रमहरु ***(साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम र एक स्थानीय तह एक उत्पादन (तरकारी) अनुदान कार्यक्रम)***का लागि छनौट भएका कृषक/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको विवरण सम्बन्धी सूचना यसै साथ पठाईएको छ । सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाउनुका साथै छनौट भएका लाभग्राहीहरुलाई आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

..............................
(विशाल पुर्न मगर)
ना.प्रा.स. (कृषि सेवा केन्द्र)

विशाल पुन मगर
ना.प्रा.स.(कृषि प्राविधिक)

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति :- २०७८/०२/०५

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्व) को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको ***साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन*** कार्यक्रमका लागि प्रथम र दोस्रो पटक प्रकाशित सूचना अनुसार माग भई आएका भूमे गाउँपालिका भित्रका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु मध्ये तपशिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु छनौट भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ***१५ दिन (मिति २०७८/०२/२० गते) भित्र*** सम्झौताका लागि भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्व)मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| क्र.सं. | छनौटमा परेका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको नाम | ठेगाना | पकेट क्षेत्र | पकेट बाली/वस्तु | स्वीकृत अनुदान रकम |
|---|---|---|---|---|---|
| १. | जागृती कृषक समूह | भूमे गा.पा.-१, लुकुम | ठूलो गाउँ | सिमी | रु.१,००,०००।- |
| २. | जागरण कृषक समूह | भूमे गा.पा.-१, लुकुम, | ठूलो गाउँ | सिमी | रु.१,००,०००।- |
| ३. | त्रिवेणी कृषि तथा बेमौसमी तरकारी उत्पादन कृषक समूह | भूमे गा.पा.-२, काँक्री, | काँक्री | बेसार | रु.१,५०,०००।- |
| ४. | लालिगुँरास कृषक समूह | भूमे गा.पा.-३, सिमा | सिमा, क्याङ्सी | केरा | रु.१,५०,०००।- |
| ५. | जिवन ज्योती कृषि सहकारी संस्था लिमिटेड | भूमे गा.पा.-५, सेराबाङ्ग | दालिबाङ्ग | केरा | रु.२,००,०००।- |
| ६. | कोईचा पर्वतीय साना किसान कृषि सहकारी संस्था लिमिटेड | भूमे गा.पा.-६, महत, | गानापानी | केरा | रु.२,००,०००।- |
| ७. | श्री पोखराडाडा कृषक समूह | भूमे गा.पा.-६, महत | महत ठूलो गाउँ | बेसार | रु.१,५०,०००।- |
| ८. | सदाबाहार कृषक समूह | भूमे गा.पा.-९, चुन्बाङ्ग | गैरीगाउँ | बेसार | रु.१,५०,०००।- |
| | जम्मा | | | | रु.१२,००,०००।- |

**सम्झौताका लागि आवश्यक कागजातहरु:**

- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको निवेदन र छाप ।
- अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- कृषक समूह/कृषि सहकारी संस्थाको सम्झौता गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

**सम्पर्कका लागि:**

१. ना.प्रा.स. विशाल पुन मगर :- ९८१३६०८६९६
२. ना.प्रा.स. शिखर विश्वकर्मा :- ९८०६२९११२५

..............
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत